# हरिपुर नगरपालिका
# राजपत्र

## सर्लाही जिल्ला, मधेश प्रदेश, नेपाल

## हरिपुर नगरपालिकाद्वारा प्रकाशित

बर्ष ५ अंक १९ २०८१ कार्तिक ११ गते, आईतबार

यस नगरपालिकाबाट स्वीकृत भएको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि,२०७६ स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिमको ऐन प्रकाशन गरिएको छ ।

कार्यपालिकाबाट स्वीकृत मितिः-२०८१/०७/११

# कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः**

मधेश प्रदेश सरकारबाट जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" मा रहेको तह वृद्धि सम्बन्धी प्रावधानलाई व्यवस्थित गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" को दफा १५५ ले दिएको अधिकार प्रयोग गरी हरिपुर नगरपालिका नगर कार्य पालिकाको कार्यालयले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "**कर्मचारी तह वृद्धि/स्तर वृद्धि सम्बन्धी कार्यविधि २०८१**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) "ऐन" भन्नाले मधेश प्रदेश सभाबाट पारित भई प्रदेश राजपत्रमा प्रकाशित भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ सम्झनु पर्दछ ।

(२) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्दछ ।

(३) "कार्यालय" भन्नाले हरिपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(४) "नगरपालिका" भन्नाले हरिपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(५) "कार्यपालिका" भन्नाले हरिपुर नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(६)"कार्यपालिका सदस्य" भन्नाले हरिपुर नगर कार्यपालिकाको सदस्य सम्झनुपर्दछ र सो शब्दले कार्यपिलिकाको प्रमुख, उप-प्रमुख तथा वडा अध्यक्ष समेतलाई सम्झनुपर्छ ।

(७) "प्रमुख" भन्नाले हरिपुर नरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(८) "उप-प्रमुख" भन्नाले हरिपुर नगरपालिकाको उप-प्रमुखलाई सम्झनुपर्छ ।

(९) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले हरिपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र यस शब्दले हरिपुर नगरपालिकाको प्रशासनिक कामकाज गर्न अख्तियारी पाएको निमित्त प्रमुख प्रशासकीय अधिकृत समेतलाई सम्झनु पर्दछ ।

(१०) “कर्मचारी” भन्नाले संङ्घीय तथा प्रदेश सरकारबाट हरिपुर नगरपालिकामा खटी आएका, स्थानीय सरकारी सेवाको पदमा वहाल रहेको स्थायी, अस्थायी र करारका कर्मचारी सम्झनु पर्छ र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन र नियुक्ति भएका कर्मचारीहरुलाई समेत जनाउँछ ।

(११) “तह वृद्धि/स्तर वृद्धि” भन्नाले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ र २९ बमोजिम गरिने तह वृद्धि/स्तर वृद्धिलाई सम्झनुपर्छ ।

(१२) “तह मिलान” भन्नाले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ को उपदफा २२ बमोजिम गरिने तह वृद्धि/स्तर वृद्धिलाई सम्मझनु पर्दछ ।

(१३) “प्रदेश लोक सेवा आयोग” भन्नाले मधेश प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ ।

(१४) “सभा” भन्नाले हरिपुर नगरपालिकाको नगरसभालाई सम्झनुपर्दछ ।

(१५) “तह वृद्धि सिफारिस समिति” भन्नाले यो कार्यविधिको दफा ६ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ ।

(१६) “मन्त्रालय” भन्नाले मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई सम्झनु पर्दछ ।

(१७) “स्थानीय सेवा” भन्नाले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३ बमोजिम स्थानीय तहमा रहने स्थानीय सरकारी सेवा सम्झनु पर्दछ ।

(१८) “समायोजन ऐन” भन्नाले कर्मचारी समायोजन ऐन २०७५ सम्झनु पर्दछ ।

(१९)“किताबखाना” भन्नाले मधेश प्रदेश निजामति किताबखाना सम्झनु पर्दछ ।

(२०)“राष्ट्रिय किताबखाना” भन्नाले राष्ट्रिय किताबखाना (निजामति) हरिहरभवन सम्झनु पर्दछ ।

**३. तह वृद्धि/स्तर वृद्धि सम्बन्धी व्यवस्थाः**

ऐनको दफा २९ को उपदफा १ र २ बमोजिम स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि गरिनेछ ।

**४. सूचना प्रकाशन गर्नेः**

(१) कार्यविधि बमोजिम हरिपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि मिलानको लागि आवेदन पेश गर्न प्रत्येक वर्षको जेष्ठ र मंसिर महिनामा कम्तिमा ३० दिनको म्याद दिई दरखास्त आह्वान गरिनेछ ।

(२) उपदफा १ बमोजिम प्रकाशित सूचना कार्यालयको वेवसाईट र सूचना पार्टीमा प्रकाशन गरिनेछ ।

**५. तह वृद्धि/स्तर वृद्धि सिफारिस समितिः**

(१) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ को उपदफा ६ र दफा २९ को उपदफा १ र २ बमोजिम हरिपुर नगरपालिकामा कार्यरत स्थानीय सेवाका स्थायी कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि गर्न ऐनको दफा २९ को उपदफा ५ बमोजिमको तह वृद्धि/स्तर वृद्धि सिफारिस समिति रहनेछ ।

(२) कर्मचारीको तह वृद्धि/स्तर वृद्धिका लागि सिफारिस गर्न हरिपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिमको तिन सदस्यीय सिफारिस समिति रहनेछ ।

(३) समितिको सचिवालयको काम कार्यालयको कर्मचारी प्रशासन शाखाले गर्नेछ ।

(४) समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. समितिको काम, कर्तव्य र अधिकारः**

(१) तह वृद्धि/स्तर वृद्धि सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) तह वृद्धि/स्तर वृद्धि प्रयोजनको लागि कार्यालयबाट प्रकाशित सूचना बमोजिम पेश हुन आएका आवेदकहरुको कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने,

(ख) ऐनको दफा २९ को उपदफा १ र २ बमोजिम योग्यता पुगेका कर्मचारीको तह वृद्धि/स्तर वृद्धिका लागि निर्णय गर्ने,

(ग) तह वृद्धि/स्तर वृद्धि सम्बन्धमा कुनै दुविधा भएमा प्रदेश लोक सेवा आयोगसँग परामर्श गर्ने ।

**७. सिफारिसः**

(१) दरखास्त दिइएको निवेदनहरु पुष मसान्त भित्र सिफारिस समितिले प्राप्त कागजातहरुको जाँच गरि कार्यालयलाई तह वृद्धिको लागि सिफारिस गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस गर्दा कर्मचारीले तह वृद्धि/स्तर वृद्धि हुनु पूर्वको पदमा भएको स्थायी वा बढुवाको नियुक्ति अनुसारको शैक्षिक योग्यता, सेवाकालिन तालिमलाई आधार मानी क्रम निर्धारण गरी सिफारिस गर्नुपर्नेछ ।

(३) यस कार्यविधि बमोजिम तह वृद्धि भएको कर्मचारीहरुलाई अनुसूची १ बमोजिमको ढाँचामा तह वृद्धिको पत्र दिइनेछ ।

**८. तह वृद्धि वा बढुवाको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधिः** यस कार्यविधि बमोजिम हुने तह वृद्धि तथा ऐन बमोजिम हुने बढुवाको लागि ऐनको दफा ४,८,२८,२९,३० र ३१ मा तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि पुरा गरेको हुनुपर्ने छ ।

**९. तह वृद्धि/स्तर वृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने वा रोक्का हुनेः**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कार्यविधिको दफा ४ को उपदफा १ बमोजिमको समितिले ऐनको दफा ३२ मा उल्लेख भएको तपशिल बमोजिमको अवधिसम्म कर्मचारीलाई तह वृद्धि/स्तर वृद्धिको लागि सिफारिस गर्ने छैनः

(क) निलम्बन भएकोमा निलम्वन भएको अवधिभर,

(ख) तह वृद्धि/स्तर वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि/स्तर वृद्धि वा बढुवा रोक्का अवधिभर,

(ग) तलव वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

(घ) असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

(ङ) सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

(च) स्थानीय स्वास्थ्य सेवाका कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धि व्यवसायिक परिषदमा नाम दर्ता निलम्वन भएको भए त्यस्तो निलम्वनको अविधिभर ।

**१०. तह वृद्धि वा बढुवा नियुक्तिको रोक्काः** ऐनको दफा ३३ को उपदफा १ र २ मा भएको व्यवस्था विपरीत तह वृद्धि वा बढुवा नियुक्ति गरिने छैनः

**११. तह वृद्धि कार्यान्वयनः**

(१) ऐनको दफा २९ को उपदफा ५ बमोजिमको समितिको सिफारिसका आधारमा कार्यपालिकाबाट भएको तहवृद्धिको निर्णय प्रमुख प्रशासकीय अधिकृतले कार्यन्वयन गरिनेछ ।

**१२. ज्येष्ठता कायम सम्बन्धी व्यवस्थाः**

(१ यस कार्यविधि बमोजिम तह वृद्धिको लागि ज्येष्ठता गणना गर्दा स्थानीय सेवाको पदमा वहाल रहेको स्थायी कर्मचारीको सम्बन्धित तहको सेवा समूहको पदमा शुरु नियुक्ति मितिबाट लागु हुने गरी गणना गरिनेछ ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहमा समायोजन भएका कर्मचारीको ऐन बमोजिम तह वृद्धिका लागि ज्येष्ठता गणना गर्दा ऐनको दफा २८ को उपदफा १, २ र ३ बमोजिम गणना गरिनेछ ।

**१३. उजुरी/ गुनासोः** ऐन र यस कार्यविधि बमोजिम भएको तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा निर्णय सार्वजनिक भएको मितिले १५ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

**१४. तह वृद्धि सम्बन्धी विषेश व्यवस्थाः**

(१) स्थानीय सेवा (गठन तथा संचालन ऐन) २०८१ को दफा ८ को उपदफा २२ बमोजिम स्थानीय तहमा लोक सेवा आयोगबाट २०७६ सालमा सिफारिस भई स्थानीय तहमा नियुक्ति भएका छैठौं तहका कर्मचारीलाई निजहरुको शुरु नियुक्ति मिति देखि नै लागु हुने गरि अख्तियारवालाले सातौं तहमा तह मिलान गरिदिनेछ । साथै निजहरुको कार्य सम्पादन मुल्याँकन समेत नियुक्ति मिति देखि नै अधिकृत स्तर सातौं तहको का.स.मु. कायम गरिनेछ र ऐन को दफा २९ को उपदफा १ बमोजिम एक तह/स्तर वृद्धि गरिनेछ ।

(२) ऐनको दफा ४(६) बमोजिम कर्मचारी समायोजन ऐन २०७५ बमोजिम साविक स्थानीय निकायको सहायक तेस्रो, चौथो, पाँचौ र अधिकृत स्तर छैठौं र सातौं तहको कर्मचारीहरु स्थानीय तहको समान पदमा समायोजन भई यो ऐन जारी हुदाको बखत सम्म ५ पर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरेका कर्मचारीलाई एक पटकको लागि मात्र समायोजन हुनु भन्दा पहिलेको सम्बन्धित पद देखि नै जेष्ठता कायम हुने गरि अख्तियारवालाले एक तह वृद्धि गरिदिनेछ । यसरि स्तर वृद्धि हुने पद स्वतः सिर्जना हुने छ र कुनै कारणले निज कर्मचारीहरु सेवामा बहाल नरहेमा स्वतः खारेज भई जाने छ ।

(३) ऐनको दफा २९ को उपदफा ४ बमोजिमको तह वृद्धि गरिएका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरि तह वृद्धिको पत्र दिने छ।

(४) **कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः** मधेश प्रदेश बाहिर कामकाजमा खटिएका तर मधेश प्रदेश अन्तर्गत दरबन्दि भएका कर्मचारीको दरबन्दि भएको स्थानीय तहमा तह वृद्धि हुने । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएको हकमा दरबन्दि/पदाधिकार रहेको कार्यालयमा तह वृद्धि गरिने छ ।

**१५. जानकारी दिनुपर्नेः**

(१) यस कार्यविधि बमोजिम नगरपालिकाले गरेको तह वृद्धि/स्तर वृद्धिको जानकारी निर्णय भएको मितिले १५ दिन भित्र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, लोक सेवा आयोग, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राष्ट्रिय निजामति किताबखाना, प्रदेश निजामति किताबखाना र प्रदेश लोक सेवा आयोग जानकारी गराउनु पर्नेछ ।

**१६. परामर्शः** ऐन प्रारम्भ भए पछि हुने तह वृद्धि तथा बढुवा सम्बन्धी कार्य गर्दा स्थानीय तहलाई आवश्यक परेमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनुपर्नेछ ।

**१७. बाधा अड्काउ फुकाउने अधिकारः**

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालय र प्रदेश लोक सेवा आयोगको परामर्शमा नगर कार्यपालिकामा निहित रहनेछ ।

**१८. प्रचलित कानून बमोजिम हुनेः**

यस कार्यविधिमा लेखिएको कुराको हकमा सोही बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रमाणिकरण मितिः-२०८१/०७/११ गते ।**

## अनुसूची — १
## (कार्यविधिको दफा ८ को ३ सँग सम्बन्धित)
## तह वृद्धि/स्तर वृद्धिको ढाँचा

**मितिः................**

**विषयः तह वृद्धि गरिएको सम्बन्धमा ।**

**माहाशय,**

मधेश प्रदेशको स्थानीय गठन, संचालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१ को दफा २९ को उपदफा १ र ४ बमोजिम तथा हरिपुर नगर कार्यपालिकाको कार्यालयको मिति ...................... गतेको निर्णयानुसार तह वृद्धिको लागि सबै योग्यता पूरा गरेको मिति ...............................गते देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपशिल बमोजिमको तहमा तह/स्तर वृद्धि गरिएको छ ।

तह/स्तर वृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको कामना गर्दछु ।

| **कर्मचारीको हालको विवरण** | **कर्मचारीको तह वृद्धि भएको विवरण** |
|---|---|
| **पदः**<br>**तहः**<br>**सेवाः**<br>**समूह/उपसमूहः-**<br>**नियुक्ति मितिः** | **पदः**<br>**तहः**<br>**सेवाः**<br>**समूह/उपसमूहः-**<br>**ज्येष्ठता लागु हुने मितिः** |

**नाम थरः-**

**कर्मचारी संकेत नं.**

**बोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।

श्री लोक सेवा आयोग केन्द्रिय कार्यालय, काठमाडौं ।

श्री प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।

श्री राष्ट्रिय किताबखाना(निजामती), हरिहरभवन, ललितपुर ।

श्री प्रदेश निजामति किताबखाना, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।



हरिपुर नगरपालिका

श्री कर्मचारी संचयकोष, ठमेल, काठमाडौं ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सर्लाही ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।

श्री जिल्ला प्रशासन कार्यालय, सर्लाही ।

श्री आर्थिक प्रशासन शाखा, हरिपुर नगरपालिका ।

प्रमाणिकरण मितिः-२०८१/०७/११ गते

हरिपुर नगरपालिका